# ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने सम्बन्धी कार्यविधि, २०७८ (पहिलो संशोधन सहित)

राज्यका सम्पूर्ण आधारभूत तहका सामूदायिक विद्यालयहरूमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यका लागि यो कार्यविधि लागु गरिएको छ।

**१) संक्षिप्त नाम र प्ररम्भः** (क) यस कार्यविधिको नाम "ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावलीको विनियम ३ बमोजिम स्थापना गरीएको ग्रामीण दूरसञ्चार विकास कोष सम्झनु पर्छ ।

(ग) "विनियमावली" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली सम्झनु पर्छ ।

(घ) "नीति" भन्नाले दूरसञ्चार नीती, २०६० सम्झनु पर्छ।

(घ) "प्राधिकरण" भन्नाले दूरसञ्चार ऐन, २०५३ को दफा ३ अन्तर्गत स्थापना भएको नेपाल दूरसञ्चार प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "पालिका" वा "स्थानीय तह" भन्नाले गाँउपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "सेवा प्रदायक" भन्नाले दूरसञ्चार ऐन, २०५३ को दफा ३ अन्तर्गत दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

**३) उद्देश्यः** राज्य भरीका सम्पूर्ण आधारभूत तहका सामूदायिक विद्यालयहरूमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यलाई व्यवस्थित गर्नु यस कार्यविधिको उद्देश्य रहेको छ ।

**४) कार्यक्रम सञ्चालनका आधारः** नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारको निर्देशन तथा यस प्राधिकरणको काम, कर्तव्य र अधिकारलाई कार्यक्रम सञ्चालनका मूख्य आधार मानिएको छ ।

**५) सञ्चालन हुने कार्यक्रमः** यस कार्यविधिको अधिनमा रही ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी सम्बन्धित स्थानीय तहमार्फत उक्त स्थानीय तह भरीका सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट पु-याउने रहेको छ ।

**६) प्रविधि छनौट सम्बन्धी व्यवस्थाः** सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउन क्रमशः देहाय बमजिम प्रविधिलाई प्राथमिकता दिनुपर्नेछ ।

(क) अप्टिकल फाइवरमा आधारित प्रविधि

(ख) माइक्रोवेभ रेडियो लिङ्कमा आधारित प्रविधि

(ग) मोबाइल सेवामा आधारित प्रविधि

(घ) भिस्याटमा आधारित प्रविधि

**७) प्राधिकरणको काम, कर्तब्य, दायित्व र अधिकारः** (क) स्थानीय तहबाट अनुसूची १ को ढाँचामा कार्यक्रम माग भै आए पश्चात सोका लागि स्थानीय तहले मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले छनौट गरी तोकिएका सामुदायिक आधारभूत विद्यालयहरुमा सेवा जडान गरिसके पछि सेवा प्रदायकलाई स्थानीय तहमार्फत जडान खर्च र दुई बर्षको महशुल उपलब्ध गराउने। यसरी उपलब्ध गराईने रकमलाई देहाय बमोजिम स्थानीय तहको नाममा खोलिएको बैंक खातामा मात्र ट्रान्सफर गर्ने ।

अ) अग्रिम भूक्तानीः आवश्यकता र औचित्यताको आधारमा तोकिएका स्थानमा अग्रिम भुक्तानी नगर्दा सेवा जडान तथा सञ्चालन हुन नसक्ने भएमा स्थानीय तहको सिफारिशमा अनुसूची २अनुसारको बैंक प्रत्याभूति लिई सम्झौता रकमको २०% सम्म अग्रिम भुक्तानी दिने। यसरी दिईएको अग्रिम भुक्तानी बापतको रकम सेवा जडान भै सञ्चालनमा आए पश्चात गरिने भुक्तानीमा समायोजन गरिनेछ ।

आ) प्रथम पटकको भूक्तानीः सेवा जडान तथा सञ्चालान गरेको प्रमाणित गरी स्थानीय तहले सिफारिश गरे पश्चात जडान खर्च र एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

आ) सेवा जडान गरी सञ्चालन गरेको एक बर्ष पश्चात सम्बन्धित स्थानीय तहले सेवा निरन्तर रुपमा सम्झौता बमोजिम प्रदान भैरहेको प्रमाणित गरी सिफारिश गरेको आधारमा बाँकी एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

(ख) सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउने।

(ग) जडान भै सिफारिश भएको सेवाको एकिन गर्न प्राधिकरणले सेवा प्रदायकको नेटवर्क अपरेसन सेन्टर (NOC) को विवरण लिने र सोको आधारमा जडान भएको एकिन गर्ने।

(घ) पालिकाको सिफारिशमा वा प्राधिकरणले अनुगमन तथा निरिक्षण गर्दा प्राधिकरणले तोकेको गुणस्तरको मापदण्ड अनुरुप नभएमा सेवा प्रदायकलाई समय तोकेर गुणस्तर कायम गर्न निर्देशन दिने। यदि सम्झौता बमोजिमको गुणस्तर कायम हुन सकेन भने सेवा प्रदायकलाई दूर सञ्चार ऐन तथा नियमावली बमोजिम कार्वाही अगाडी बढाउने।

(ङ) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च, पोल वा सोको भाडा बापतको खर्च उपलब्ध नगराउने।

**८) स्थानीय तहको काम, कर्तब्य, दायित्व र अधिकारः** (क) सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यका लागि अनुसूची १ को ढाँचामा प्राधिकरणसँग कार्यक्रम तथा बजेट माग गर्ने।

(ख) सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यका लागि मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूरसञ्चार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्ने वा सामुदायिक आधारभूत विद्यालयसँग अनुसूची ७ को ढाँचामा समझदारी गरी उक्त विद्यालयमा ब्रोडव्याण्ड

ईन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न एक सेवा प्रदायक छनौट गर्न लगाउने । छनौट भएको सेवा प्रदायकसँग अनुसूची ३ बमोजिमको कार्य सम्पादन जमानत लिई सम्झौता गर्ने ।

(ग) आवश्यकता र औचित्यताको आधारमा तोकिएका स्थानमा अग्रिम भुक्तानी नगर्दा सेवा जडान तथा सञ्चालन हुन नसक्ने भएमा छनौट भएको सेवा प्रदायकबाट अनुसूची २ बमोजिमको बैंक प्रत्याभूति लिई सम्झौता रकमको २०% सम्म अग्रिम भुक्तानीका लागि प्राधिकरणलाई अनुसूची ४ को ढाँचामा सिफारिश गर्ने ।

(घ) तोकिए बमोजिम उपकरण जडान भै तोकिए बमोजिमको सेवाको गुणस्तर कायम भएको एकिन गरी अनुसूची ५ को ढाँचामा प्रतिवेदन सहित अनुसूची ४ को ढाँचामा प्राधिकरण समक्ष भुक्तानी दावी गर्ने । साथै, सेवा प्राप्त गरेको एक बर्ष पश्चात बाँकी एक बर्षको महशुल भुक्तानीका लागी सेवा निरन्तर रहेको प्रमाणीत गरी अनुसूची ४ को ढाँचामा प्राधिकरण समक्ष भुक्तानी दावी गर्ने ।

(ङ) छनौट भएको सेवा प्रदायकाबाट तोकिए बमोजिमको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र भुक्तानी गर्ने ।

(च) जडान भएका उपकरणहरुको अभिलेख राख्ने ।

(छ) सेवा उपलब्ध गराउदा उपलब्ध गराईने रकमको लेखा राख्ने तथा अन्तिम लेखा परीक्षण गर्ने । यदि बेरुजु भएमा समपरिक्षण वा असुल गर्ने गराउने दायित्व स्थानिय तहको हुने ।

(ज) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च, पोल वा सोको भाडा बापतको खर्च पालिकाले उपलब्ध गराउने |

(झ) तोकिएका सामूदायिक आधारभूत विद्यालयहरुमा सेवाको उपलब्धता र उपभोगको सुनुश्चितता गर्ने ।

(ञ) सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यका लागि प्राधिकरणले उपलब्ध गराउने रकम सोही कार्यमा मात्र प्रयोग भएको सुनिश्चितता गर्ने ।

(ट) त्रैमासिक रुपमा सेवाको गुणस्तरका सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड अनुरुप भए/नभएको बारे अनुगमन तथा निरिक्षण गरी प्राधिकरणलाई जानकारी गराउने ।

(ठ) प्राधिकरणबाट हुने सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउने कार्यको अनुगमन तथा निरिक्षणको लागि समन्वय तथा सहजिकरण गर्ने।

(ड) सेवाको सुरुवात र निरन्तरता को लागि प्राधिकरण वा छनौट भएको सेवा प्रदायक र विद्यालयहरु बीच समन्वय तथा तथा सहजीकरण गर्ने।

(ढ) सामुदायिक विद्यालयहरुसँग प्रबिधिमा आधारित पठन पाठन एवं इन्टरनेटको सहि उपयोग गराउन समझदारी गर्ने।

**८) सामुदायिक आधारभूत विद्यालयको भूमिका सम्बन्धमाः** (क) दफा "क" बमोजिम कार्यका लागि उपयुक्त प्रविधि छनौट गरी सोको लागत अनुमान तयार गरी स्थानीय तहलाई जानकारी गराउने।

(ख) दफा "क" बमोजिम कार्यका लागि स्थानीय तहले छनौट गरेको सेवा प्रदायकलाई सेवा जडान गर्न सामुदायिक आधारभूत विद्यालयले समन्वय गर्नुपर्नेछ। यदि सामुदायिक आधारभूत विद्यालय आफैले सेवा प्रदायक छनौट गर्नु परेमा स्थानीय तहसँग अनुसूची ७ बमोजिम समझदारी गरी सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायक छनौट गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

(ग) सेवा जडानको लागि प्रयोग भएका उपकरणहरूको रेखदेख तथा शुरक्षा गर्ने दायित्व सामुदायिक आधारभूत विद्यालय हुनेछ।

(घ) प्राप्त भएको सेवाको गुणस्तर तथा मर्मत सम्भारको लागि सेवा प्रदायकलाई सम्पर्क गर्दा समयमा कार्य हुन नसकेमा सामुदायिक आधारभूत विद्यालयले स्थानीय तहलाई सोको जानकारी गराउनु पर्नेछ।

**९) समझदारी पत्रमा हस्ताक्षर गर्नेः** स्थानीय तह भरीका सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट पु-याउने कार्यका लागि अनुसूची ६ बमोजिम प्राधिकरण र स्थानीय तह वीच हस्ताक्षर गर्नुपर्नेछ।

*द्रष्टव्यः- यस कार्यविधि लागू हुनु भन्दा अघि भए/ गरेका कार्यलाई समेत यसै कार्यविधि अनुसार नै भए/ गरेको मानिनेछ।

<u>**अनुसूची १: स्थानीय तहबाट सेवा मागको आवेदन पत्रको ढाँचा**</u>

मिति:

श्रीमान् अध्यक्षज्यू,

नेपाल दूरसञ्चार प्राधिकरण,

कान्तिपथ, जमल, काठमाडौं ।

विषय: **<u>ब्रोडब्याण्ड इन्टरनेट सेवा सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा यस ………………………..<स्थानीय तहको नाम, ठेगाना र भौगोलिक अवस्था> भएको स्थानीय तह हो । तहाँ प्राधिकरण मार्फत ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी यस स्थानीय तह भित्र रहेका सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट जडान तथा सञ्चालन गर्नको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईदिनु हुन हार्दिक अनुरोध छ । यस कार्यका लागि अनुमानित लागत ढुवानी, जडान तथा एक वर्षको महशुल समेतको लागत मू.अ. कर सहित रू. ................/- (अक्षरेपी रू. ............................................................ मात्र) मा नबढ्ने गरी यस कार्यकोलागि छनौट गर्ने सेवा प्रदायकलाई भुक्तानीका लागि यस स्थानीय तह मार्फत निकासाको व्यवस्था गरिदिने आवश्यक व्यवस्थाको लागि अनुरोध छ ।

...................................

नाम

पद

संलग्नः

१) विद्यालयहरुको विवरण

२) लागत अनुमानको प्रतिलिपी

अनुसूची २: छनौट भएको सेवा प्रदायकले पेश गर्नुपर्ने अग्रिम भूक्तानी जमानतको ढाँचा

# Advance Payment Security

*[**insert complete name and number of Contract**]*

To: *[**insert complete name of Purchaser**]*

In accordance with the payment provision included in the Contract, in relation to advance payments, *[**insert complete name of Supplier***] (hereinafter called "the Supplier") shall deposit with the Purchaser a security consisting of *[**indicate type of security***], to guarantee its proper and faithful performance of the obligations imposed by said Clause of the Contract, in the amount of [***insert currency and amount of guarantee in words and figures***].

We, the undersigned [***insert complete name of Guarantor***], legally domiciled in *[**insert full address of Guarantor**]* (hereinafter "the Guarantor"), as instructed by the Supplier, agree unconditionally and irrevocably to guarantee as primary obligor and not as surety merely, the payment to the Purchaser on its first demand without whatsoever right of objection on our part and without its first claim to the Supplier, in the amount not exceeding [***insert currency and amount of guarantee in words and figures***].

This security shall remain valid and in full effect from the date of the advance payment being received by the Supplier under the Contract until *[(**insert day, month**, **year) Contract completion date may be a basis for this date**]*.

Name: *[**insert complete name of person signing the Security**]*

In the capacity of: *[**insert legal capacity of person signing the Security**]*

Signed: [***insert signature of person whose name and capacity are shown above***]

Duly authorized to sign the security for and on behalf of: **[*insert seal and complete name of Guarantor*]**

अनुसूची ३: छनौट भएको सेवा प्रदायकले पेश गर्नुपर्ने कार्य सम्पादन जमानतको ढाँचा

# Performance Security

*[**insert complete name and number of Contract**]*

To: [***insert complete name of Purchaser***]

WHEREAS [***insert complete name of Supplier***] (hereinafter "the Supplier") has received the notification of award for the execution of **[*insert identification number and name of contract]*** (hereinafter "the Contract").

AND WHEREAS it has been stipulated by you in the aforementioned Contract that the Supplier shall furnish you with a security [***insert type of security***] issued by a reputable guarantor for the sum specified therein as security for compliance with the Supplier's performance obligations in accordance with the Contract.

AND WHEREAS the undersigned [***insert complete name of Guarantor***], legally domiciled in [***insert complete address of Guarantor***], (hereinafter the "Guarantor"), have agreed to give the Supplier a security:

THEREFORE WE hereby affirm that we are Guarantors and responsible to you, on behalf of the Supplier, up to a total of [***insert currency and amount of guarantee in words and figures***] and we undertake to pay you, upon your first written demand declaring the Supplier to be in default under the Contract, without cavil or argument, any sum or sums within the limits of [***insert currency and amount of guarantee in words and figures]*** as aforesaid, without your needing to prove or to show grounds or reasons for your demand or the sum specified therein.

This security is valid until the *[**insert day, month, year**]*.

Name: [***insert complete name of person signing the Security***]

In the capacity of: [***insert legal capacity of person signing the Security***]

Signed: [***insert signature of person whose name and capacity are shown above***]

Duly authorized to sign the security for and on behalf of: **[*insert seal and complete name of Guarantor]***

Date: [***insert date of signing]***

अनुसूची ४: स्थानीय तहले भुक्तानी दावी गर्ने फारमको ढाँचा

मिति:

श्रीमान् अध्यक्षज्यू,

नेपाल दूरसञ्चार प्राधिकरण,

कान्तिपथ, जमल, काठमाडौं ।

विषय: **अग्रिम/ पहिलो चरण/ अन्तिम चरण भूक्तानी दावी गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस स्थानीय तहले यस स्थानीय तह भित्र रहेका <विद्यालयको संख्या> वटा सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट जडान तथा सञ्चालन गर्नको लागि खरिद प्रक्रियाबाट छनौट भएको सेवा प्रदायक <सेवा प्रदायकको नाम> ले अग्रिम भुक्तानी जमानत राखि वा पहिलो चरण वा अन्तिम चरणको <भुक्तानी रकम> भुक्तानी दावी गरेकोले रकम यस स्थानीय तहको देहाय बमोजिम बैंक खातामा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध छ ।

संलग्नः

१) अनुसूची ४ बमोजिमको बैंक जमानत (अग्रिम भुक्तानीको हकमा)

२) कार्य सम्पन्न प्रतिवेदन तथा प्रमाणीत कार्यको विवरण (प्रथम चरणको भुक्तानीको हकमा)

३) गत १ बर्ष प्राप्त भएको सेवा सन्तोषजनक रहेको प्रमाणीत हुने विवरण सहितको प्रतिवेदन (अन्तिम चरणको भुक्तानीको हकमा)

...................................

नाम

पद

अनुसूची ५: छनौट भएको सेवा प्रदायकले पेश गर्नुपर्ने Phase wise/ Work Completion प्रतिवेदनको ढाँचा

**Phase Wise/ Work Completion Work report**
**For**

*[**insert complete name and number of Contract**]*

1. *Background*
2. *Objective of project*
3. *Scope of work*
4. *Site Survey report*
5. *Network Diagram*
6. *Summary of Work Completed*
7. *Bill of Quantities*
8. *Executive Summary*

***Annex:***

1. *Contract Document*
2. *Details of Connected Sites*
3. *Bank guarantee (APG,PG)*

अनुसूची ६: प्राधिकरण र स्थानीय तह वीच हुने समझदारी-पत्रको ढाँचा

**ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउन**

# नेपाल दूरसञ्चार प्राधिकरण, काठमाडौं

# र

# <स्थानीय निकायको नाम ,ठेगाना> बीच गरिएको

# समझदारी-पत्र

नेपाल दूरसञ्चार प्राधिकरण, जमल, काठमाडौं (यस पछि "प्राधिकरण" भनिने) र <स्थानीय निकायको नाम र ठेगाना> (यस पछि "पालिका" भनिने) बीच ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी सम्पूर्ण आधारभूत तहका समाुदायिक विद्यालयहरूमा ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पु-याउन पालिका भरीका सामुदायिक आधारभूत विद्यालयहरु र निर्वाचन स्थलहरुमा ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन मिति ……….. मा नेपाल दूरसञ्चार प्राधिकरणको कार्यालयमा देहाय बमोजिम जिम्मेवारी तथा शर्त तोकी यो **समझदारी-पत्र**मा हस्ताक्षर गरियो।

**क) कार्यको विवरणः**

पालिका भरीका …… वटा सामुदायिक आधारभूत विद्यालयहरुमा कम्तिमा २० एमबिपिएसको क्षमताको नन्-डेडिकेटेड ब्रोडब्याण्ड इन्टरनेट पु-याउने।

**ख) प्राधिकरणको काम, कर्तब्य, दायित्व र अधिकारः**

१) दफा “क” बमोजिमको कार्यका लागि स्थानीय तहले मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले छनौट गरी तोकिएका सामुदायिक आधारभूत विद्यालयहरुमा सेवा जडान गरिसके पछि सेवा प्रदायकलाई स्थानीय तहमार्फत जडान खर्च र दुई बर्षको महशुल उपलब्ध गराउने। यसरी उपलब्ध गराईने रकमलाई देहाय बमोजिम स्थानीय तहको नाममा खोलिएको बैंक खातामा मात्र ट्रान्सफर गर्ने।

अ) अग्रिम भूक्तानीः आवश्यकता र औचित्यताको आधारमा तोकिएका स्थानमा अग्रिम भुक्तानी नगर्दा सेवा जडान तथा सञ्चालन हुन नसक्ने भएमा स्थानीय तहको सिफारिशमा बैंक प्रत्याभूति लिई सम्झौता रकमको २०% सम्म अग्रिम भुक्तानी दिने। यसरी दिईएको अग्रिम भुक्तानी बापतको रकम सेवा जडान भै सञ्चालनमा आए पश्चात गरिने भुक्तानीमा समायोजन गरिनेछ

आ) प्रथम पटकको भूक्तानीः सेवा जडान तथा सञ्चालान गरेको प्रमाणित गरी स्थानीय तहले सिफारिश गरे पश्चात जडान खर्च र एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

आ) सेवा जडान गरी सञ्चालन गरेको एक बर्ष पश्चात सम्बन्धित स्थानीय तहले सेवा निरन्तर रुपमा सम्झौता बमोजिम प्रदान भैरहेको प्रमाणित गरी सिफारिश गरेको आधारमा बाँकी एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

२) दफा “क” बमोजिमको कार्यको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउने।

३) जडान भै सिफारिश भएको सेवाको एकिन गर्न प्राधिकरणले सेवा प्रदायकको नेटवर्क अपरेसन सेन्टर (NOC) को विवरण लिने र सोको आधारमा जडान भएको एकिन गर्ने।

४) पालिकाको सिफारिशमा वा प्राधिकरणले अनुगमन तथा निरिक्षण गर्दा प्राधिकरणले तोकेको गुणस्तरको मापदण्ड अनुरुप नभएमा सेवा प्रदायकलाई समय तोकेर गुणस्तर कायम गर्न निर्देशन दिने। यदि सम्झौता बमोजिमको गुणस्तर कायम हुन सकेन भने सेवा प्रदायकलाई दूर सञ्चार ऐन तथा नियमावली बमोजिम कार्वाही अगाडी बढाउने।

५) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च, पोल वा सोको भाडा बापतको खर्च उपलब्ध नगराउने।

**ग)  स्थानीय तहको काम, कर्तब्य, दायित्व र अधिकारः**

१)  दफा "क" बमोजिम कार्यका लागि प्राधिकरणले तय गरेको औसत दर भन्दा बढि नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूरसञ्चार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्ने।

२)  तोकिए बमोजिम उपकरण जडान भै तोकिए बमोजिमको सेवाको गुणस्तर कायम भएको एकिन गरी प्राधिकरणलाई सिफारिश गर्ने।

३)  छनौट भएको सेवा प्रदायकाबाट तोकिए बमोजिमको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र भुक्तानी गर्ने।

४)  जडान भएका उपकरणहरुको अभिलेख राख्ने।

५)  सेवा उपलब्ध गराउदा उपलब्ध गराईने रकमको लेखा राख्ने तथा अन्तिम लेखा परीक्षण गर्ने। यदि बेरुजु भएमा समपरिक्षण वा असुल गर्ने गराउने दायित्व स्थानिय तहको हुने।

६)  जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च, पोल वा सोको भाडा बापतको खर्च पालिकाले उपलब्ध गराउने|

७)  तोकिएका सामूदायिक आधारभूत विद्यालयहरुमा सेवाको उपलब्धता र  उपभोगको सुनुश्चितता गर्ने।

८)  दफा "क" बमोजिमको कार्यका लागि प्राधिकरणले उपलब्ध गराउने रकम सोही कार्यमा मात्र प्रयोग भएको सुनिश्चितता गर्ने।

९)  त्रैमासिक रुपमा सेवाको गुणस्तरका सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड अनुरुप भए/नभएको बारे अनुगमन तथा निरिक्षण गरी प्राधिकरणलाई जानकारी गराउने।

१०)  प्राधिकरणबाट हुने दफा "क" बमोजिमको कार्यको अनुगमन तथा निरिक्षणको लागि समन्वय तथा सहजिकरण गर्ने।

११)  सेवाको सुरुवात र निरन्तरता को लागि प्राधिकरण वा छनौट भएको सेवा प्रदायक र विद्यालयहरु बीच समन्वय तथा तथा सहजीकरण गर्ने।

१२)	सामुदायिक विद्यालयहरुसँग प्रबिधिमा आधारित पठन पाठन एवं इन्टरनेटको सहि उपयोग गराउन समझदारी गर्ने।

घ) दुई बर्षको निःशुल्क सेवा अवधि समाप्त भए पश्चात सेवाको निरन्तरता तथा दिगोपनाको लागि स्थानिय तहको सहकार्य र साझेदारीमा आवश्यक व्यवस्था गरिनेछ।

ङ) प्रत्येक पक्षको दायित्व तथा यस समझदारी-पत्रका शर्तहरु दुबै पक्षहरुको लिखित सहमतिमा थप वा घट गर्न सकिने छ।

| **प्राधिकरणको तर्फबाटः** | **पालिकाको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः ………………………………. | हस्ताक्षरः ………………………………. |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीः | साक्षीः |
| हस्ताक्षरः ………………………………. | हस्ताक्षरः ………………………………. |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | कार्यालयको छापः |

अनुसूची ७: स्थानीय तह र समूदायिक आधारभूत विद्यालय वीच हुने समझदारी-पत्रको ढाँचा

**ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेट जडान तथा सञ्चालन गर्ने**

# <स्थानीय निकायको नाम, ठेगाना>

# र

# <सामूदायिक आधारभूत विद्यालय, ठेगाना> बीच गरिएको

# <u>समझदारी-पत्र</u>

<स्थानीय निकायको नाम र ठेगाना> (यस पछि "पालिका" भनिने) र <सामूदायिक आधारभूत विद्यालय, ठेगाना> (यस पछि "विद्यालय" भनिने) बीच ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी सम्पूर्ण आधारभूत तहका समाुदायिक विद्यालयमा ब्रोडव्याण्ड ईन्टरनेट पुर्याउन मिति ……….. मा पालिकाको कार्यालयमा देहाय बमोजिम जिम्मेवारी तथा शर्त तोकी यो **समझदारी-पत्र**मा हस्ताक्षर गरियो।

**क) कार्यको विवरणः**

विद्यालयमा कम्तिमा २० एमबिपिएसको क्षमताको नन्-डेडिकेटेड ब्रोडब्याण्ड जडान तथा सञ्चालन गर्ने।

**ख) स्थानीय तहको काम, कर्तब्य, दायित्व र अधिकारः**

१) दफा “क” बमोजिम कार्यका लागि मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूरसञ्चार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्न विद्यालयलाई सहजीकरण गर्ने।

२) तोकिए बमोजिम उपकरण जडान भै तोकिए बमोजिमको सेवाको गुणस्तर कायम भएको एकिन गरी नेपाल दूरसञ्चार प्राधिकरणलाई सिफारिश गर्ने।

३) छनौट भएको सेवा प्रदायकाबाट तोकिए बमोजिमको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र भुक्तानी गर्ने।

४) जडान भएका उपकरणहरुको अभिलेख राख्ने।

५) सेवा उपलब्ध गराउदा उपलब्ध गराईने रकमको लेखा राख्ने तथा अन्तिम लेखा परीक्षण गर्ने। यदि बेरुजु भएमा समपरिक्षण वा असुल गर्ने गराउने दायित्व स्थानिय तहको हुने।

६) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च, पोल वा सोको भाडा बापतको खर्च पालिकाले उपलब्ध गराउने|

७) विद्यालयमा सेवाको उपलब्धता र उपभोगको सुनुश्चितता गर्ने।

८) दफा “क” बमोजिमको कार्यका लागि प्राधिकरणले उपलब्ध गराउने रकम सोही कार्यमा मात्र प्रयोग भएको सुनिश्चितता गर्ने।

९) त्रैमासिक रुपमा सेवाको गुणस्तरका सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड अनुरुप भए/नभएको बारे अनुगमन तथा निरिक्षण गरी प्राधिकरणलाई जानकारी गराउने।

१०) प्राधिकरणबाट हुने दफा “क” बमोजिमको कार्यको अनुगमन तथा निरिक्षणको लागि समन्वय तथा सहजिकरण गर्ने।

११) सेवाको सुरुवात र निरन्तरता को लागि प्राधिकरण वा छनौट भएको सेवा प्रदायक र विद्यालय बीच समन्वय तथा तथा सहजीकरण गर्ने।

**ख) विद्यालयको काम, कर्तब्य, दायित्व र अधिकारः**

१) दफा “क” बमोजिम कार्यका लागि उपयुक्त प्रविधि छनौट गरी सोको लागत अनुमान तयार गरी स्थानीय तहलाई जानकारी गराउने।

२) दफा “क” बमोजिम कार्यका लागि मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूरसञ्चार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्ने।

३) सेवा जडान तथा सञ्चालन भए पश्चात सेवा प्रदायकलाई भुक्तानीका लागि स्थानीय तहलाई सिफारिश गर्ने।

४) सेवा जडानको लागि प्रयोग भएका उपकरणहरूको रेखदेख तथा शुरक्षा गर्ने दायित्व सामुदायिक आधारभूत विद्यालय हुनेछ।

५) प्राप्त भएको सेवाको गुणस्तर तथा मर्मत सम्भारको लागि सेवा प्रदायकलाई सम्पर्क गर्दा समयमा कार्य हुन नसकेमा विद्यालयले स्थानीय तहलाई सोको जानकारी गराउनु पर्नेछ।

ङ) प्रत्येक पक्षको दायित्व तथा यस समझदारी-पत्रका शर्तहरु दुबै पक्षहरुको लिखित सहमतिमा थप वा घट गर्न सकिने छ।

| **पालिकाको तर्फबाटः** | **विद्यालयको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः ................................. | हस्ताक्षरः ................................. |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीः | साक्षीः |
| हस्ताक्षरः ................................. | हस्ताक्षरः ................................. |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | कार्यालयको छापः |